# संघीय संसद
# राष्ट्रिय सभा
# पन्ध्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २८ चैत २०८०
# बुधवार
# बैठक सङ्ख्या-१९

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १३:१५ बजे प्रारम्भ भयो।

(१३:१८ बजे) **सम्माननीय अध्यक्ष**:- शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई एक/एक मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय जित जंग बस्नेत।

(१३:१९ बजे)**माननीय श्री जित जंग बस्नेत (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, अहिले देशमा धेरै भ्रष्टाचारको काण्डहरू सुनिन थालेको छ। धेरै काण्डहरूमा अख्तियार प्रमुख प्रेमकुमार राई, मुख्य सचिव बैकुण्ठ अर्यालको नामहरू सुनिन थालेको छ। भुटानी शरणार्थीको केसमा किन नहोस्, त्यो वाइडबडी केसमा किन नहोस्, टेरामक्स केसमा किन नहोस्। सबै काण्डहरूमा उहाँहरूको नाम सुन्ने, उहाँहरू छानबिनको दायरामा पर्ने कि नपर्ने उहाँहरूलाई छानबिन गर्नुपर्ने कि नपर्ने यो मेरो सभामा प्रमुख प्रश्न हो। धन्यवाद अध्यक्षज्यू।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य पदमबहादुर परियार।

(१३:२० बजे) **माननीय श्री पदम बहादुर परियार (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, पृथ्वी राजमार्ग पूर्वी खण्ड मुग्लिनदेखि पोखराको सडक निर्माण कार्य चलिरहेको छ। यसै सन्दर्भमा ब्यास नगरपालिका वडा नम्बर १ मुसेखोला क्षेत्रमा असावधानी पूर्वक सडक निर्माण हुँदा स्थानीयको घरजग्गा रहेको स्थानमा जग्गामा धाजा फाटेको, खेतीयोगी जमिनहरू चाहिँ प्रयोग गर्न नमिल्ने भएको देखिएको छ। सो स्थानमा नजिकै जनसेविका प्रा. वि. पनि रहेको र वरपर १०-१५ घर दलित र जनजातिहरूको बस्ती रहेको कारण सो क्षेत्रमा बर्खायाममा पहिरो जान सक्ने प्रबल सम्भावना देखिएको हुनाले सभाध्यक्ष महोदयमार्फत सरकारको तुरुन्त ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय पुजा चौधरी।

(१३:२१ बजे) **माननीय श्री पुजा चौधरी (जनता समाजवादी पार्टी नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, हुन त यो हरेक वर्षकै दुखेसो हो। बर्खायाम लाग्दै गर्दाखेरि मधेस प्रदेशको आफ्नै दुःख छ। हरेक वर्ष बाढी पहिरोले गर्दा त्यहाँ लाखौं जनसङ्ख्याहरू विस्थापित हुने बेला छ। अब अहिले पनि फेरि बर्खा आउँदै गर्दा नेपाल भारत गौरवर्गिनियाको वोर्डर डयाम जसलाई हामी सुलिस गेट भन्दछौं र यो बर्खायाममा खोल्ने भारतसँग मौखिक सम्झौता भएपनि हालसम्म यो कार्यान्वयन नभएको कारणले गर्दा बर्खायाममा पूरा रौतहटको गौर डुबानमा पर्ने भएको हुनाले यसको लागि म सरकारसमक्ष कूटनीतिक पहल गरिदिनु हुनको लागि हार्दिक अनुरोध गर्दछु। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय बलदेव बोहरा।

(१३:२२ बजे) **माननीय श्री बलदेव बोहरा (नेपाली काँग्रेस)**:- अध्यक्ष महोदय, वर्षातको सिजन छ, खेतीको सिजन छ। अहिले धानको र मकैको सिजन छ। यो वेला पनि नेपाल सरकारले कुनै पनि जिल्लामा, ठाउँमा मलको ठुलो समस्या छ। मल आउने भन्छ, आइरहेको छैन। यसर्थ किसानको लागि पुग्नेगरी मलको व्यवस्था गरोस् भन्ने अनुरोध गर्दछु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय मनरुपा शर्मा।

(१३:२३ बजे) **माननीय श्री मनरुपा शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, पर्वत जिल्ला जल्लजला गाउँपालिका वडा नं २ मल्लाजको दहचोकमा १९ गते राति ६९ वर्षका सूर्यबहादुर घर्ती क्षेत्री र उहाँकी श्रीमती गमला घर्ती क्षेत्री उहाँ ६७ वर्षको उमेरको राति घरभित्र विभत्स हत्या गरेर शव भेटिएको छ। पर्व जिल्लाबासी त्रसित भइरहेका छन्, हत्यारालाई छिटोभन्दा छिटो खोजी गरी कानुनी कठघरामा उभ्याउनको निम्ति सम्माननीय अध्यक्षमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। हवस् त, धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय रुक्मिणी कोइराला।

(१३:२४ बजे) **माननीय श्री रुक्मिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, मजदुर, किसान, श्रमिक वर्ग, सर्वहारा वर्ग, श्रमजिवी वर्गको हितको निम्ति नीति निर्माण गर्न जरुरी देखिएको छ। यसको लागि सरकारसँग माग गर्दछु। नेपाल सरकारले लैंगिक बजेट ल्याउन छोडेको छ। संविधान, ऐन, कानुन बनाएर मात्रै हुँदैन त्यसको व्यावहारिक कार्यान्वयन पनि गर्नुपर्छ। जनताको लागि बनाएको नियमहरू जनताले थाहा पाउनुपर्छ, त्यसको लागि महिला जनप्रतिनिधिहरूलाई सशक्तीकरण गर्नु राज्यको दायित्व हो। यसतर्फ पनि सरकारको ध्यान जान जरुरी छ। गाउँमा कृषकहरूले उत्पादन गरेका फलफुल, तरकारीलगायत अन्य उत्पादित सामग्री समयमा बजारीकरण नहुँदा कुहिएर जाने किसानहरूलाई घाटा हुने हुँदा एक गाउँ एक कोल्ड स्टोरको आवश्यकता छ भन्ने कुरा सरकारले बुझेर लागू गर्नुपर्दछ। अहिले मानिसहरूलाई विभिन्न रोगका कारण कोदो, फापरलगायत अन्य अर्गानिक खाद्य पदार्थ आवश्यक देखिएको .......(समय सकिएको)।

**सम्माननीय अध्यक्ष**:- माननीय रेनु चन्द।

(१३:२५ बजे) **माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, सरकारले सुदूरपश्चिममा आङ्गिक क्याम्पसहरूको निर्णय गरेको छ, जो स्वागतयोग्य छ तर त्यो निर्णय सँगसँगै जुन बजेटको व्यवस्थापन गर्नुपर्ने थियो, त्यसको अभावमा

समस्या पैदा भइरहेको छ। बैतडी जिल्लाको गोकुलेश्वर रहेको गोकुलेश्वर कृषि तथा पशु विज्ञान क्याम्पसमा बजेटको अभाव छ। त्यहाँ तुरुन्तै शिक्षक कर्मचारीको दरबन्दी अनि सञ्चालन खर्चको व्यवस्थापन गर्नुपर्यो। साथसाथै सुदूरपश्चिम प्रदेशमा गरिएका सम्पूर्ण आङ्गिक क्याम्पसहरूको निर्णय चाहे त्यो पुचौंडीको क्याम्पस होस्, बेलौरीको क्याम्पस होस्। यो सबैमा यथाशीघ्र अविलम्ब बजेटको flow गर्नु पऱ्यो भन्ने म सभाध्यक्षमार्फत सरकारको ध्यानाकार्षण गराउन चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय विष्णुकुमारी सापकोटा।

(१३:२६ बजे) **माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काँग्रेस)**:- अध्यक्षज्यू, आज वर्षायामको सुरुवातसँगै पानी परेको छैन, खडेरी परेर जिल्ला जिल्लामा डढेलोले धेरै मान्छेहरूलाई, मान्छेहरूको घरबार विहीन बनाएको छ। यो डढेलो रोक्नको लागि सरकारले व्यवस्था, व्यवस्थापन गरोस्। र मैले म भर्खरै बेलायत पुगेर फर्किंदैछु र प्रवासी नेपालीहरूको धेरै गुनासो छ, नेपालका समाचारहरू हामीले राम्रा सुन्न पाएका छैनौं। खाली भ्रष्टाचार, भ्रष्टाचारीहरूलाई कारबाही गरिँदैन र नेपाली नागरिकहरूको बारेमा नेपाल सरकारले ध्यान दिएको छैन भन्ने उहाँहरूको गुनासो छ। प्रवासी नेपालीहरूलाई हामीले कसरी नेपालमा भित्र्याउन सकिन्छ, त्यसप्रति सरकारको चासो रहोस्। सम्माननीय अध्यक्षमार्फत यो कुरालाई ध्यानाकर्षण गराउनको लागि म अनुरोध गर्न चाहन्छु। धन्यवाद। जय नेपाल।

**सम्माननीय अध्यक्षः**- माननीय विष्णुबहादुर विश्वकर्मा।

(१३:२७ बजे)**माननीय श्री विष्णुबहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, २०६९ साल असोज १९ देखि २४ गतेसम्म भएको अविरल वर्षाका कारण कालिकोट जिल्लाको पलाता गाउँपालिका र तिलागुफा नगरपालिका अधिकाङ्श वस्तीहरू पहिरोले तविछित बनायो। त्यो कारणले गर्दाखेरी गृहमन्त्रालयले सङ्कटग्रस्त पालिका पनि घोषणा गऱ्यो। तर अहिले सम्म कुनै कार्यक्रम गएको छैन। र सरकारको राहतको आशामा जनताहरू पर्खिरहेको छन्। अहिले पनि पीडित जनता, पलाता ८ का जनताहरू, कलश मा.वि.मा जनताहरू बसिरहेका छन्। केही छानाहरूमा बसिरहेका छन्। केही गोठहरूमा बसिरहेका छन्। त्यो दर्दनाक पिडाहरू भोगिरहेका छन्। त्यसैले सरकारले गरेको घोषणाहरू

तुरुन्तै लागू होस् भन्ने आग्रह गर्दै सम्माननीय अध्यक्षमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय श्रीकृष्णप्रसाद अधिकारी।

(१३:२८ बजे) **माननीय श्री श्रीकृष्णप्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, काठमाडौं उपत्यकाको तिनै सहरमा सुकुम्बासी समस्या स्ववासीको समस्या र वास्तविक सडक मजदुरको समस्या अलि धेरै नै देखिन्छ। स्थानीय तहबाट डोजरहरू त चल्छन् तर त्यसको चाहिँ पुनर्निर्माणको काम पनि भएको छैन। अनावश्यक भत्काउने काम चाहिँ अगाडि बढिराखेको देखिन्छ, यसतर्फ सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। साथै उनीहरूको गरी खाने, सडकमा मकै पोलेर खाने, जुत्ता सिलाएर खाने, मजदुरहरूको गरी खाने वैकल्पिक ठाउँको लागि पनि नेपाल सरकार सम्बन्धित मन्त्रालयको चाहिँ ध्यानाकर्षण गर्न चाहन्छु। धन्यवाद।

(१३:२९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरू, अब म राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याललाई राष्ट्रिय सभाबाट पारित भई सन्देशसहित प्रतिनिधि सभामा पठाइएको "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७" का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभासमक्ष जानकारी गराई टेबुल गर्न समय उपलब्ध गराउँछु।

(१३:२९ बजे) **राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्यालः**- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाबाट सन्देशसहित प्रतिनिधिसभामा पठाइएको विधेयकको सम्बन्धमा सन्देश प्राप्त भएको छ। अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली २०७५ को नियम १२३ को उपनियम १ को व्यवस्थाबमोजिम उक्त सन्देश सभालाई जानकारी गराउँछु।

श्री सचिव,<br>राष्ट्रिय सभा

**विषयः सन्देशसहित विधेयक फिर्ता पठाइएको।**

सम्वत् २०८० साल चैत २१ गते बुधबार बसेको प्रतिनिधिसभाको बैठकले राष्ट्रिय सभामा उत्पत्ति भएको खाद्य स्वच्छता तथा गुणस्तर विधेयक २०७७ लाई संशोधनसहित पारित

गरेकोले प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १३३ को ५ बमोजिम सन्देशसहित विधेयक फिर्ता पठाइएको बेहोरा अनुरोध गर्दछु।

पद्म प्रसाद पाण्डेय
महासचिव
२०८०/१२/२१

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १२३ को उपनियम (१) को व्यवस्थाबमोजिम उक्त सन्देश सभासमक्ष टेबुल गर्दछु। धन्यवाद।

(१३:३० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहर, अब राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८ बमोजिम राष्ट्रिय सभाको उपाध्यक्ष पदको निर्वाचनसम्बन्धी प्रक्रिया प्रारम्भ हुन्छ। माननीय सदस्यहरू राष्ट्रिय सभाको उपाध्यक्ष पदको निर्वाचन कार्यक्रम अनुसार उपाध्यक्ष पदमा माननीय सदस्य विष्णुदेवी पुडासैनी र माननीय सदस्य बिमला घिमिरेलाई निर्वाचित गरियोस् भन्ने दुईवटा प्रस्तावको सूचना प्राप्त हुन आएको बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, अब म "माननीय सदस्य विष्णुदेवी पुडासैनीलाई उपाध्यक्ष पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावका प्रस्तावक माननीय सदस्य दुर्गा गुरुङलाई आफ्नो प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु। समय ७ मिनेट।

(१३:३२ बजे) **माननीय श्री दुर्गा कुमारी गुरुङ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, २००७ साल मा काठमाडौं जिल्लामा जन्मेर सानै उमेरदेखि सामाजिक क्षेत्रमा सेवा गर्दै आउनुभएको थियो। भद्र नारी जागरण समिति भद्रबास सामुदायिक सेवाको स्थापना गरी जनताको सेवामा समर्पित रहँदै महिलाहरूको हक हितका लागि सामाजिक, राजनीतिक र आर्थिक रूपमा सशक्त बनाउँदै आउनुभएको माननीय विष्णुदेवी पुडासैनी २०४९ सालमा भद्रबास गाविसको अध्यक्षमा निर्वाचित भई जनताको सेवामा समर्पित हुनु भयो। २०५८ सालदेखि नेपाल महिला सङ्घ काठमाडौं जिल्लाको अध्यक्ष भई काम गर्ने क्रममा उहाँले महिला सञ्जाल काठमाडौंको पहिलो जिल्ला अध्यक्ष भई सेवा गर्ने मौका पाउनुभयो।२०४६ र २०६२/६३ सालको जनआन्दोलन र विभिन्न समयमा भएका राजनीतिक आन्दोलनमा उहाँले अतुलनीय योगदान पुऱ्याउनुभएको छ। आन्दोलनमा सहभागी भएकै कारण उहाँले पटकपटक जेल जीवन बिताउनुभयो। निःस्वार्थ राजनीतिक, सामाजिक र महिलाको क्षेत्रमा तल्लीन रहनुभएको

व्यक्तिका रूपमा परिचित उहाँ राष्ट्रिय सभाको उपाध्यक्ष पदमा नियुक्त पात्र हुनुहुन्छ। उहाँले राष्ट्रिय सभाको गरिमामयलाई अझ उच्च बनाउने हुँदा उहाँलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा विजयी गराउनका लागि प्रस्ताव गर्दछु। सम्माननीय अध्यक्षज्यू, अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य विष्णु देवी पुडासैनीलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्दछु। हस् त, धन्यवाद। जय नेपाल।

(१३:३५ बजे)**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब माननीय सदस्य विष्णुदेवी पुडासैनीलाई उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावका समर्थक माननीय सदस्य नारायण दत्त भट्टलाई उक्त प्रस्तावको समर्थन गर्न समय दिन्छु। समय ५ मिनेट।

(१३:३६ बजे)**माननीय श्री नारायण दत्त भट्ट (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, सबै आदरणीय माननीयज्यूहरू, विष्णुदेवी पुडासैनी प्रजातन्त्रको सुन्दर पक्ष पनि के हो भने सत्तापक्ष र विपक्ष मिलेर चलाउने व्यवस्था पनि हो। त्यसकारणले अब सबै ठाउँ हामीलाई चाहियो भने त्यस्तोमा आपत्तिको त कुरा केही छैन। यहाँहरू बहुमतमै हुनुहुन्छ। तर कुरा के हो भने हामीले राष्ट्रिय सभाको ओज र गरिमाका कुरा गर्छौं। त्यसकारणले ओज र गरिमा बसाउने हो भने अर्काको अस्तित्वलाई पनि स्वीकार गर्नु जरुरी छ। यदि हामीले त्यसरी अस्तित्व स्वीकार गर्न सकेनौं, भाषामा एउटा कर्म अर्को कुरा गर्यौं भने हामी कहीं पुग्दैनौं।त्यसकारणले मलाई विनम्र यहाँहरूलाई अनुरोध गर्न चाहन्छु। एउटा लामो आन्दोलनबाट आउनुभएको महिला, अनुभवप्राप्त महिला यहाँहरूले आफ्नो अमूल्य मत दिऊँ। कुरा के हो भने सबै ठाउँमा पार्टी पार्टी थाल्यौं भनेपछि देखिराख्या छ हाम्रो सदनमा चलिराखेको कुरा, कसैलाई पूरासम्म च्यापिराख्ने जे सुकै भए नि, तथ्य एकातिर गए बाँकी सबै एकातिर गए। हाम्रो सुदूरपश्चिममा एउटा कहावत छ, "ज्यू गए सहीज्यूको जाला म माइत जए ठाडी" सब सांसद-सांसद विधेयक यी सब भाडमे जाउन् तर कुरा के हो भने सत्ता चाहियो। मान्छेका ओतमा राखेर चाहिँ गर्ने किनभने तथ्य प्रमाणका आधारमा उठेका कुराहरूलाई हामीले हुँदै होइन भन्ने न्यायाधीश पनि हामी, जनताका प्रतिनिधि पनि हामी अनि सरकार पनि हाम्रो सबै कुरा हाम्रो हो भने हाम्रो यहाँ उपस्थिति के का लागि हो? हामी सत्य कुरा बोल्न नसक्ने र आफ्नो स्वार्थलाई अगाडि राखेर यति कुरा चाहिँ भाषण गर्दाखेरि ओहो यसले राम्रै गर्यो कि भन्ने देखिने सानो कुरा के हो भने यसो छेउमा छिमेकी कमजोर छ भने बलियो चाहिँ छिमेकीले त्यो पनि बिचारौं, कम्तीमा चाड पर्वमा यसो खाओस्। केही गरी खाओस् भन्ने धारणा राख्न सक्ने अनि

त्यो छिमेकीले ढुङ्गा हान्यो भनेपछि ओहो ढुङ्गा हान्यो, लखेटेको लखेटै गर्यो, एउटा कुरा समातेको समात्यै गऱ्यो। होइन आफ्नो कुरा छोड्दै छोडेन कमजोर भो जोर र कमजोर को भो त्यो त समयले साबित गर्ला तर कुरा के हो भने हामी सधैं आएर यहाँ सुन्छु ओज र गरिमा। यो योज र गरिमा नियमित छलफलबाट समस्याको समाधान हुन्छ। हामी यही बाटोमा गयौं भने हामी कहीं पुग्दैनौं। त्यसकारणले कुरा कहाँनिर हो भनेपछि साथीहरू हामी उभिन्छौं। भन्नका लागि त भन्छौं तर भनेको कुरा पूरा गर्छौं कि गर्दैनौं ? कुरा त्यहाँनेर छ। त्यसकारण मेरो विनम्रताकासाथ अनुरोध छ। हामी जे भन्छौं त्यो गरौं। तर कुरा के छ भने हाम्रो अगाडि पार्टी छ। पार्टीको निर्देशन छ, मनमा एउटा कुरा यो सत्य होइन भन्ने लागेको छ। तर त्यो सत्य होइन हामी भन्न सक्ने अवस्थामा छैनौं। त्यो भन्न सक्नुपर्छ। बाहिर मञ्चमा उभिँदै गर्दा यहाँ सबै आदरणीय माननीयज्यूहरू असल असल कुरा राख्न सक्नुहुन्छ, सबैसँग त्यो क्षमता भएर यहाँ आइपुग्नुभएको छ। तर कुरा के हो भने क्षमता हुँदाहुँदै पनि यसको प्रयोग हुन्छ कि हुँदैन ? यो आत्माको प्रयोग हुन्छ कि हुँदैन ? त्यो आत्मा मारेर त्यसलाई चाहिँ छोपेर त्यो चटकेहरूले देखाउने हामी चटक गर्छौं कि गर्दैनौं। त्यसकारणले विनम्रताका साथ मेरो अनुरोध छ। एउटा अनुभवप्राप्त लामो समय चाहिँ आन्दोलनमा लागेर महिला हकहितमा, यो प्रजातन्त्रको हितमा लाग्नुभएको महिलालाई यहाँहरूको सबैको मन पग्लियो र सहयोग गरौं, मिलेर जाऔं भन्ने विनम्र साथ अनुरोध गर्दछु।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य दुर्गा गुरुङको माननीय सदस्य विष्णु देवी पुडासैनीलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भनी सभासमक्ष राख्नुभएको प्रस्तावमा म समर्थक समर्थन गर्दछु। धन्यवाद। जय नेपाल।

(१३:४० बजे) **<u>सम्माननीय अध्यक्षः</u>-** माननीय सदस्यहरू, अब म "माननीय सदस्य विमला घिमिरेलाई उपाध्यक्ष पदमा निर्वाचित गरियोस्" भन्ने दर्ताक्रम अनुसारको दोस्रो प्रस्तावक, प्रस्तावका प्रस्तावक माननीय सदस्य भगवती न्यौपानेलाई आफ्नो प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु। समय ७ मिनेट।

(१३:४० बजे) **<u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:-** सम्माननीय अध्यक्ष महोदय, आज हामी राष्ट्रिय सभाको उपाध्यक्षको निर्वाचन गर्न गइरहेका छौं। मलाई लागिरहेको थियो, म भन्दा अगाडि प्रस्ताव गर्नुहुने माननीयज्यूले आफ्नो प्रस्ताव फिर्ता लिनुहुनेछ र सर्वसम्मतका निम्ति योगदान गर्नुहुनेछ भन्ने लागिरहेको थियो। खैर हामी अभ्यस्त भइसकेका

छौं। हामीले सकेसम्म सर्वसम्मत नभए एउटा प्रक्रियाबाट टुङ्गो लगाउने, यो लोकतन्त्रको सुन्दर पक्ष, सुन्दर अभ्यासबाट हामी धेरै धेरै पटक खारिएका छौं। त्यसैले सर्वसम्मत नहुँदाखेरि पनि केही बिग्रिहाल्छ, आकाशै डुबिहाल्छ भन्ने होइन। हामी प्रक्रियामा जान्छौं, एउटा टुङ्गो लाग्छ र टुङ्गो लागिसके पछाडि फेरि पनि हामी सहकार्य गरेर समन्वय गरेर यो राष्ट्रिय सभाको मर्यादालाई उचाइमा पुर्याउनका निम्ति फेरि पनि हामी एकताबद्ध भएर अगाडि त बढ्छौं नि। अब म राष्ट्रिय सभाको उपाध्यक्षमा माननीय विमला घिमिरेज्यूलाई निर्वाचित गर्नका निम्ति सबै माननीयज्यूहरूसँग हार्दिक अपिल गर्दै प्रस्ताव गर्न म यहाँ उभिएको छु। माननीय बिमला घिमिरेज्यू जसको बारेमा धेरै माननीयज्यूहरूलाई थाहा छ। उहाँ ४६ सालभन्दा अगाडिदेखि नै यो देशको रूपान्तरणको निम्ति, विभेदको अन्त्यको निम्ति, समाजको परिवर्तन गर्नका निम्ति, व्यवस्था बदल्नका निम्ति उहाँ अनवरत रूपमा लाग्नुभएको व्यक्तित्व उहाँले समाज बदल्नका निम्ति सम्पूर्ण खालका भेदभावहरूलाई अन्त्य गरेर रूपान्तरण गर्नका निम्ति देश र जनताको मुक्तिका निम्ति लाग्ने सुन्दर सन्दर्भमा त्यो अभियानमा जोडिने सन्दर्भमा कम्युनिस्ट पार्टी उहाँको रोजाई भयो। उहाँले ४६ साल भन्दा अगाडिदेखि कम्युनिस्ट पार्टीमा आबद्ध भएर खासगरी नेकपा एमालेमा गाउँदेखि केन्द्रसम्म विभिन्न भूमिकामा रहेर जिम्मेवारी वहन गरिसक्नुभएको छ। उहाँ अहिले नेकपा एमालेको पोलिट ब्युरो सदस्य पनि हुनुहुन्छ। माननीय बिमला घिमिरेज्यू, उहाँ इतिहासका विभिन्न कालखण्डहरूमा भएका परिवर्तनका आन्दोलनहरूमा अत्यन्तै सक्रियपूर्वक भूमिका निर्वाह गरिसक्नुभएको छ। ४६ सालको जनआन्दोलन देखि लिएर त्योभन्दा पछाडि भएका आन्दोलनहरूमा पनि उहाँ अत्यन्तै सक्रियतापूर्वक आफ्नो भूमिका सशक्त ढङ्गले निर्वाह गर्नुभएको छ। त्यस्तो एउटा योद्धा आज राष्ट्रिय सभामा उपाध्यक्षको उम्मेदवार हुँदै हुनुहुन्छ। उहाँ उहाँ सत्ता साझेदार दलहरूको साझा उम्मेदवारको रूपमा प्रस्तुत हुनुभएको छ। माननीय बिमला घिमिरे राजनीतिक आन्दोलनमा साथसाथै यो देशमा जतिबेला महिलाहरू माथिको शोषण, दमन, उत्पीडन अत्यन्तै थियो र अहिले पनि अन्त्य भइसकेको छैन। महिलामाथिको पितृसत्तात्मक दमनका विरुद्ध सतिसाल जस्तै उभिने एउटा योद्धा हो। महिला आन्दोलनसँग जोडिएको एउटा योद्धा पनि हो। उहाँ अखिल नेपाल महिला संघको नेकपा एमालेको भगिनी सङ्गठन अखिल नेपाल महिला सङ्घको गाउँ हुँदै जिल्ला हुँदै केन्द्रको स्थायी कमिटीको सदस्य सम्म रहेर काम गर्नुभयो।त्यसैले माननीय विमला घिमिरेज्यू, उहाँ लोकतान्त्रिक आन्दोलन र महिला मुक्ति आन्दोलनमा पनि एउटा अत्यन्तै महत्वपूर्ण भूमिका निर्वाह गर्दै क्रियाशील भएर आफूलाई संलग्न गरेको एउटा व्यक्तित्व हो। त्यसैले उहाँले खेलेको भूमिका, आन्दोलनमा खेलेको भूमिका, कम्युनिस्ट आन्दोलनमा लोकतान्त्रिक आन्दोलनमा महिला मुक्ति आन्दोलनमा खेलेको भूमिका, उहाँले गरेको योगदानलाई सम्मान गरेर, मूल्याङ्कन गरेर पार्टीले उहाँलाई राष्ट्रिय

सभाको उम्मेदवार बनायो। राष्ट्रिय सभामा निर्वाचित भइसकेपछि आज चार वर्ष उहाँले राष्ट्रिय सभामा भूमिका निर्वाह गरिसक्नुभएको छ। सदस्यको हिसाबले विधि निर्माण गर्न, नीति निर्माण गर्न, कानुन निर्माण गर्न उहाँले धेरै महत्वपूर्ण ढङ्गले सशक्त रूपमा आफूलाई प्रस्तुत गरिसक्नुभएको छ। उहाँले आफ्नो क्षमता प्रदर्शन गरिसक्नुभएको छ। एउटा मिलनसार व्यक्तित्वको रूपमा, शालीन व्यक्तित्वको रूपमा उहाँ स्थापित हुनुहुन्छ। देश र जनताको मुद्दामा शालीनतापूर्वक तर सशक्त रूपमा राष्ट्रिय सभामा चार वर्षसम्म उहाँले सशक्त रूपमा आफ्नो भूमिका निर्वाह गर्नुभयो। त्यसैले उहाँ एउटा उपयुक्त व्यक्तित्व हो। उपाध्यक्षको निम्ति त्यसैले आज उहाँ उपाध्यक्ष हिजो सम्माननीय अध्यक्षज्यू, सँगै हिजोका उपाध्यक्षज्यूहरूले जसरी सहकार्य गरेर, समन्वय गरेर राष्ट्रिय सभाको गरिमालाई उचाइमा पुर्याउनका निम्ति महत्वपूर्ण योगदान गर्नुभएको थियो। सन्तुलनकारी भूमिका खेलेर फेरि पनि, फेरि पनि माननीय बिमला घिमिरेज्यूले पनि त्यो योग्यता राख्नुहुन्छ त्यसैले म उहाँलाई उपाध्यक्ष पदको निम्ति प्रस्ताव गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य बिमला घिमिरेलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१३:४८ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, अब माननीय सदस्य बिमला घिमिरेलाई उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावका समर्थक माननीय सदस्य गोपीबहादुर सार्की आछामीलाई उक्त प्रस्तावको समर्थन गर्न समय दिन्छु। समय ५ मिनेट।

(१३:४८ बजे) <u>**माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**</u>:- सम्माननीय अध्यक्ष महोदय, म एउटा कर्मठ, कुशल र क्षमतावान माननीय बिमला घिमिरेज्यू, जो चार वर्षको राष्ट्रिय सभाको आफ्नै अनुभवबाट खारिएर आउनुभएको छ र नेपाली कम्युनिस्ट आन्दोलनमा लोकतान्त्रिक आन्दोलन र परिवर्तनकारी आन्दोलनमा आफ्नो लामो समय ४७ सालदेखि यहाँसम्म चाहिँ आफ्नो जसरी भूमिका निर्वाह गर्दै आउनुभएको छ र अहिले नेपाल कम्युनिस्ट पार्टी एमालेको पोलिट ब्युरो सदस्य पनि हुनुहुन्छ। हामी राष्ट्रिय सभामा दुई तीनवटा विषय एउटा यसले चाहिँ विधि निर्माणको क्षेत्रमा महत्वपूर्ण यसको भूमिका र योगदान हुने क्षेत्र हो। दोस्रो कुरा जनताका आवाजहरू लाई बुलन्द गर्ने क्षेत्र हो, तेस्रो कुरा चाहिँ यसले सरकारलाई जनताका विषयमा दबाब दिने महत्वपूर्ण भूमिका निर्वाह गर्ने क्षेत्र र विशेष गरेर चाहिँ यो राष्ट्रिय सभा, हामी जहिले पनि साझा रूपमा सहमतिको बीचबाट चाहे त्यो

कानुन निर्माणको क्षेत्रमा होस् चाहे जनताका जल्दाबल्दा राष्ट्रका र जनताका समस्याहरूलाई बुलन्द गर्ने क्षेत्रमा होस् चाहे सरकारलाई हामीले समसामयिक विषय र मुद्दाहरूमा दबाब दिने कुरामा हामी एकताबद्ध नै भएर एकरूप बुझाइका साथ र एउटा स्पिडका साथ नै अगाडि बढिराखेका छौं र त्यो कल्चर हामीसँग छ। अहिले सन्दर्भ बदलिएको परिस्थिति बदलिएको र समीकरण पनि बदलिएको भएको कारणले गर्दाखेरि हामी सत्ता समीकरण दलको तर्फबाट साझा उम्मेदवारको रूपमा माननीय बिमला घिमिरे उपाध्यक्षको उम्मेदवारमा चाहिँ हुनुहुन्छ। नेतृत्व हुनको लागि चाहिँ इमान्दारिताको आवश्यकता पर्छ, ज्ञानको आवश्यकता पर्छ, त्यस्तै कामको कौशलताको पनि आवश्यकता पर्छ। त्यो तीनवटै कुरा मान्ने बिमला घिमिरेज्यूमा मैले पर्याप्त मात्रामा देखेको छु। हामी यो चार वर्षको चाहिँ सहकार्यमा उहाँले जसरी आफ्नो क्षेत्रबाट, आफ्नो ठाउँबाट यो राष्ट्रिय सभामा भूमिका निर्वाह गर्नुभएको छ, समितिमा भूमिका निर्वाह गर्नुभएको छ। त्यो असाध्यै महत्वपूर्ण अनुसरणयोग्य र अनुकरणयोग्य भएको कारणले गर्दाखेरि म सबै माननीयज्यूहरूलाई हुन त नेपाली कांग्रेसबाट यहाँ उठ्नुभएका उम्मेदवार पनि कमजोर हुनुहुन्छ भन्ने मलाई लाग्दैन। तर हामी राष्ट्रिय सभामा अहिले साझा सहमतिको बीचबाट माननीय बिमला घिमिरेज्यूलाई राष्ट्रिय सभाको उपाध्यक्षको पदमा निर्वाचित गर्नको निम्ति म सबैलाई निवेदन र आग्रह गर्दै माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य भगवती न्यौपानेले माननीय सदस्य बिमला घिमिरेलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भनी सभासमक्ष राखुभएको प्रस्तावको समर्थन गर्दछु। धन्यवाद। अभिवादन।

(१३:५२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको उपाध्यक्ष पदमा माननीय सदस्य विष्णुदेवी पुडासैनी र माननीय सदस्य बिमला घिमिरेलाई निर्वाचित गरियोस् भन्ने दुईवटा प्रस्तावहरूमाथि सङ्क्षिप्त छलफल प्रारम्भ हुन्छ। उक्त छलफलमा भाग लिन दलीय आधारमा नाम प्राप्त हुन आएको छ। अब म छलफलमा भाग लिन माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यको लागि ३ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य उर्मिला अर्याल।

(१३:५३ बजे) **माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत म केही कुराहरू राख्न चाहन्छु। जहाँसम्म लाग्छ, माननीय सदस्य बिमला घिमिरेलाई मैले पनि धेरै अवधिसम्म उहाँलाई चिन्दै आएको हुँ। सुरुमा म एमाले पार्टीमा बसेर धेरै लामो अवधि काम गर्दा उहाँसँग मैले बिमला घिमिरे भन्ने नाम चाहिँ चर्चित नाम हो। र उहाँ

चाहिँ त्यहाँ जनस्तरमा एउटा स्थापित व्यक्तित्व पनि हो। र राजनीतिमा उहाँको ४७ साल मात्र होइन ४६ सालदेखि नै निरन्तरता चाहिँ रहेको कुरोलाई म यहाँ बोध गराउन चाहन्छु र यो हिसाबले उहाँले यो कार्यभार उपाध्यक्षको, राष्ट्रिय सभाको उपाध्यक्षको कार्यभार चाहिँ राम्रोसँग सम्हाल्न सक्नुहुन्छ। हुनत त्योभन्दा राम्रै कार्यभार दिए पनि उहाँले सम्हाल्न सक्ने क्षमता भएको हो। अनुभव भएको चाहिँ एउटा व्यक्तित्व हो। त्यो हिसाबले उहाँ एउटा उपयुक्त व्यक्तिको नाताले मैले एउटा प्रस्ताव राखेको छु, यो भन्छु सम्माननीय अध्यक्ष महोदय। अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य भगवती न्यौपानेले माननीय सदस्य बिमला घिमिरेलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भनी सभा समक्ष राख्नुभएको प्रस्तावको समर्थन गर्दछु। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य कृष्णबहादुर रोकाय।

(१३:५५ बजे) **माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभाको उपाध्यक्षको निर्वाचनको लागि नेपाली कांग्रेस पार्टीले हाम्रो चारजना माननीयज्यूहरू महिला माननीयज्यू हुनुहुन्थ्यो। र ती चारजना महिला माननीयहरू सबै सक्षम हुनुहुन्थ्यो। र त्योभन्दा पनि अझ सक्षम र २०४६ सालको जनआन्दोलन र ६२/६३ को जनआन्दोलनमा महत्वपूर्ण भूमिका खेलेको अत्यन्त matured अनुभव महिला जसले महिलाको सन्दर्भमा महिला आन्दोलनको लागि एउटा अत्यन्त महत्वपूर्ण भूमिका खेलेको एउटा महिला माननीय विष्णुदेवी पुडासैनीलाई नेपाली कांग्रेस पार्टीले राष्ट्रिय सभाको उपाध्यक्ष उम्मेदवार बनाएको छ। र मलाई विश्वास छ कि हामीलाई एउटा खालको अपेक्षा र एउटा विश्वास थियो कि हामी एउटा राष्ट्रिय सभालाई एउटा सहमतिको सभा यो एउटा गरिमामय बनाउने भन्ने जुन खालका हामीले यो जुन तरिकाले हामीले अगाडि बढाउन खोजिरहेका छौं। हामीलाई हाम्रो पार्टीलाई विश्वास के थियो त भन्दा हामीले राष्ट्रिय सभाको उपाध्यक्ष यसपटक नेपाली कांग्रेस पार्टीलाई यहाँका अन्य दलका साथीहरूले जो कतिपय दलका साथीहरूले यसलाई गठबन्धन भन्नुहुन्छ कतिपय साथीहरूले सत्ता समीकरणको कुरा गरिरहेको छ। ठिकै छ समीकरण या गठबन्धन तर उहाँहरूबाट हामीलाई यसपटक हामीले एक खालको अनौपचारिक रूपमा छलफल पनि चल्या थियो। हामीलाई उपाध्यक्ष उम्मेदवारको यसपटक चाहिँ सबै साथीहरूबाट एक खालको सहयोग हुन्छ। एउटा सहमति उम्मेदवार बन्छ भन्ने हामीलाई विश्वास थियो। तैपनि म अझै पनि अन्तिम आवरमा पनि म अनुरोध गर्न चाहन्छु। कि नेपाली कांग्रेस पार्टीको तर्फबाट

एउटा सहमतिको थालनी हामी राष्ट्रिय सभाबाट गरौं। र हामीले जुन खालको उम्मेदवार हामीले चाहिँ उठा हामीले चाहिँ उठाएका छौं, जसलाई हामीले प्रस्ताव गरेका छौं। हाम्रो प्रस्तावक माननीय दुर्गा गुरुङ र समर्थक माननीय नारायण दत्त भट्टले समर्थन गर्नुभएको उम्मेदवार विष्णुदेवी पुडासैनीलाई सर्वसम्मत रूपमा राष्ट्रिय सभाको उपाध्यक्षमा हामी निर्विरोध निर्वाचन गरौं, यति कुरा म यहाँहरू सबैमा अनुरोध गर्न चाहन्छु। र यसले एउटा खालको राजनीतिक एउटा सन्देश देशभरिमा जान्छ र यदि एउटा खालको वातावरण निर्माण गर्छ भन्ने कुरा म चाहिँ यहाँहरूका यो सम्माननीय अध्यक्षमार्फत यो कुरा यहाँ सबैमा अनुरोध गर्न चाहन्छु। र अन्तमा फेरी पनि म यति कुरा अनुरोध गर्दै म सबैले सर्वसम्मत रूपमा हाम्रो चाहिँ माननीय विष्णुदेवी पुडासैनीलाई उपाध्यक्षमा निर्वाचित गर्नको निम्ति म अनुरोध गर्दै म आफ्नो भनाइ यहीँ अन्त्य गर्छु। धन्यवाद। जय नेपाल।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य देवेन्द्र दाहाल।

(१३:५८ बजे) **माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आज राष्ट्रिय सभाको उपाध्यक्षको लागि हामी यहाँ प्रतिस्पर्धा नै हुने भयो। यो प्रतिस्पर्धाको क्रममा यहाँ आएका छौं। र साथीहरूले भनेजस्तै यसलाई सर्वसम्मत बनाउन पाए, पाएको भए हुन्थ्यो भन्ने हाम्रो पनि चाहना थियो। त्यो चाहना चाहिँ प्रतिपक्षीलाई दिँदा मात्रै त्यो चाहना पुरा हुने हो जस्तो पनि मलाई लाग्दैन। र यस पटक पटक एउटा कुनै नाम लिउँ र त्यो नाममा सर्वसम्मत गरौं भन्दा पनि हुन्थ्यो। त्यसमा माननीय बिमला घिमिरेको नाममा पनि सर्वसम्मत गर्नै सकिँदैन भन्ने कुरा हुँदैन थियो। मैले व्यक्तिगत रूपमा पनि र पार्टीको तर्फबाट पनि प्रस्ताव पनि राख्या थिएँ। तर जे होस् आज दुईजना उम्मेदवार यहाँ खडा हुनुभएको छ, अथवा प्रस्तावित हुनुभएको छ र उहाँहरूमध्ये दुवै जनाको भूमिका अब यो आन्दोलनको लागि प्रजातन्त्रको लागि महत्वपूर्ण होला। माननीय बिमला घिमिरे पनि लामो समयदेखि एउटा महिला आन्दोलनमा नेतृत्व गरेर आउनुभएको महिला हुनुहुन्छ। र उहाँ यो राष्ट्रिय सभाको उपाध्यक्षको पदको लागि योग्य मात्र हैन अति नै योग्य हुनुहुन्छ र यसमा खासगरी भन्ने हो भने यो पद भनेको चाहिँ एउटा निष्पक्षता र सन्तुलनकारी भूमिका निर्वाह गर्ने पद हो। र उहाँले यो पदमा बसेर यो भूमिका निर्वाह गर्न सक्नुहुन्छ र राष्ट्रियले राष्ट्रियको गरिमालाई माथि उठाउनका लागि उहाँले भुमिका गर्न सक्नुहुन्छ र उहाँको बारेमा धेरै कुराहरू यहाँ हामीसँग भन्ने समय पनि छैन तर पनि मलाई लाग्छ यो आन्दोलनको लागि अथवा जुन हामीले प्रजातान्त्रिक आन्दोलन र

हामीले भन्दै आएको जनवादी आन्दोलनको लागि महत्वपूर्ण भुमिका निर्वाह गर्नुभएको छ र आज यो घडीमा आएर उहाँलाई हामीले प्रस्तावित गरेका छौं र यो जुन हामीले गरेको प्रस्तावित उम्मेदवारलाई यहाँहरू सबै या राष्ट्रिय सभामा जति पनि माननीयजीहरू हुनुहुन्छ उहाँहरू सबैले उहाँलाई समर्थन गरेर निर्वाचित गराउनु हुनेछ भन्ने मैले विश्वास लिएको छु र अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य भगवती न्यौपानेले माननीय सदस्य बिमला घिमिरेलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भनी सभासमक्ष राख्नुभएको प्रस्तावको मैले पनि समर्थन गर्दछु। धन्यवाद।

**<u>सम्माननीय अध्यक्षः</u>-** माननीय सदस्य जयन्ती देवी राई।

**(१४:०१ बजे) <u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:-** सम्माननीय अध्यक्ष महोदय, जुन हुन गइरहेको यो राष्ट्रिय सभाको उपाध्यक्षको निर्वाचनमा माननीयज्यूहरूले भन्नु भए जस्तै साँच्चै हामीले यसलाई साझा उम्मेदवार र यसलाई चाहिँ एउटै मात्र उम्मेदवार बनाउन पाएको भए साँच्चै राम्रो हुन्थ्यो। म एउटा महिला भएको हिसाबले यहाँ बोल्दाखेरि साँच्चै नमिठो, अलि असहज लागेको छ। किनभने हाम्रो दुवै महिला माननीयज्यूहरू जुन आजको उम्मेदवार माननीयजीहरू हुनुहुन्छ उहाँहरू दुवैजना त्यत्तिकै सक्षम हुनुहुन्छ, योग्य हुनुहुन्छ जीवनमा लामो सङ्घर्ष गरेर यो मुलुक परिवर्तन लोकतन्त्र प्राप्ति प्रजातन्त्र, गणतन्त्र सबै आन्दोलनहरूमा आफ्नो जीवन समर्पण गर्नुभएका आदरणीय माननीयज्यू हुनुहुन्छ र म माननीय दुवैजना बाट हामीले दुवैजनालाई निर्वाचित गर्न सक्ने अवस्था छैन। हामीले एकजनालाई पठाउनुपर्ने बाध्यता छ र आज माननीय बिमला घिमिरेसँग म धेरै लामो संगत गरेको छु काम गरेको छु। र यो पदमा अत्यन्तै योग्य उचित हुनुहुन्छ। र माननीय र माननीय विष्णु पुडासैनी माननीयज्यूलाई धेरै अगाडि म चिन्छु तर पनि आजको आवश्यकता के हो भन्दाखेरि हाम्रो अहिलेको राजनीति अस्थिरता र यो मुलुकको समस्या, थुप्रै समस्या समाधानको निम्ति पनि आज धेरै भन्दा धेरै आज राजनितिक दलहरू एक ठाउँमा उभिएर अगाडि बढन पर्ने चाहिँ आज यो समस्याहरूले यो मुलुकले आज हामीलाई जुन mandate दिएको छ। त्यसकारणले आज हामी सहमति र सहकार्यको जुन एउटा सत्ता साझेदारीको उम्मेदवारको हिसाबले म आज सम्पूर्ण माननीयज्यूहरूलाई माननीय बिमला घिमिरेलाई मत दिन हुनको निम्ति र उपाध्यक्षको निर्वाचित गरियोस् भनेर चाहिँ म अनुरोध गर्दै सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य भगवती न्यौपानेले माननीय सदस्य बिमला घिमिरेलाई

राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भनी सभा समक्ष राख्नुभएको प्रस्तावको समर्थन गर्दछु। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य मोहम्मद खालिद।

(१४:०४ बजे) **माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभाका उपाध्यक्षको निर्वाचनका निम्ति आज यहाँ समर्थनको लागि उभिएको छु। हुन त उपाध्यक्षज्यू यहाँ निर्वाचित नै हुनुहुन्थ्यो। तर हामी सबैलाई थाहा छ कि बदलिँदो राजनीतिक परिस्थिति, संविधान, धर्मनिरपेक्षता, संघीयता र गणतन्त्रको रक्षाको निम्ति र देशको समृद्धि र विकासको यात्रालाई अझ तीव्र पार्नको लागि यो गठबन्धनको निर्माण गरेको थियो। र मलाई लुकाई छुपाई भन्न आउँदैन, त्यसको पनि निरन्तरता नै हो यो। र गठबन्धनका एउटा पार्ट भएको हुनाले हाम्रो पार्टी जनता समाजवादी पार्टीले माननीय विमला घिमिरेज्यूलाई समर्थन गर्ने निर्णय गरेको छ। राष्ट्रिय सभा सहमति र सहकार्यको सभा हो। र यो कुरा सबै दल सबै हाम्रो सदस्यमाथि लागू हुन्छ। के हाम्रो इतिहास पहिला गठबन्धन बाहिर भएका व्यक्तिलाई समर्थन गर्ने रहेछ भन्ने त्यो समर्थनको लागि आग्रह गर्ने हामीलाई अधिकार हुनेछ यदि भविष्यमा हामी यसो गर्छौं कि कुनै दक्ष र सक्षम र अनुभवी व्यक्ति दलका नभए पनि, गठबन्धनका नभए पनि हामीले समर्थन गर्नुपर्छ। त्यसलाई सहकार्यको निम्ति मत दिनुपर्छ भन्ने यस्ता प्रवृत्ति हामी बसाल्छौं भने त्यसको जनता समाजवादी पार्टीले समर्थन गर्छ। त्यसले गर्दा म माननीय बिमला घिमिरेज्यूलाई जुन प्रस्ताव आएको छ, त्यसको म समर्थन गर्दै बिदा लिन्छु। धन्यवाद।

(१४:०८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावहरू माथिको सङ्क्षिप्त छलफल यहीं समाप्त हुन्छ। माननीय सदस्यहरू, अब म माननीय सदस्य विष्णुदेवी पुडासैनीलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावका प्रस्तावक माननीय सदस्य दुर्गा गुरुङलाई आफ्नो प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय दिन्छु।

(१४:०८ बजे) **माननीय श्री दुर्गा कुमारी गुरुङ्ग (नेपाली काँग्रेस)**:- म फिर्ता लिन चाहन्नँ।

(१४:०९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म "माननीय सदस्य विमला घिमिरेलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावका प्रस्तावक माननीय सदस्य भगवती न्यौपानेलाई आफ्नो प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय दिन्छु।

(१४:०९ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, म फेरि पनि सम्पूर्ण माननीयज्यूहरूलाई माननीय विमला घिमिरेज्यूलाई उपाध्यक्षमा मतदान गर्नका निम्ति अपिल गर्दछु र म मेरो प्रस्ताव फिर्ता लिन चाहन्नँ धन्यवाद।

(१४:०९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, दुवै प्रस्तावका प्रस्तावकहरूले आफ्नो प्रस्तावहरू फिर्ता नलिनुभएकोले उक्त प्रस्तावहरूलाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८ को उपनियम ४ अनुसार सोही नियमावलीको नियम ७ को उपनियम ४ बमोजिम क्रमशः निर्णयार्थ प्रस्तुत गरिने वेहोरा जानकारी गराउँछु। उक्त प्रस्तावहरू माथि निर्णय गर्दा दस्तखतसहितको मत विभाजनबाट निर्णय हुने व्यहोरा जानकारी गराउँछु। माननीय सदस्यहरू, अब म मत विभाजन गर्दा अपनाइने प्रक्रियाको सम्बन्धमा जानकारी गराउँछु। मत विभाजन गर्नु अघि सभा कक्ष बाहिर हुनुभएका माननीय सदस्यहरूलाई सभा कक्षमा प्रवेश गर्ने मौका दिन पाँच मिनेटसम्म विभाजन घन्टी बजाइनेछ। विभाजन घन्टी बजेपछि सभा कक्ष बाहिर रहनुभएका माननीय सदस्यहरू सभा कक्षभित्र प्रवेश गर्नुपर्नेछ। विभाजन घन्टी बन्द गरेपछि अध्यक्षको आसनको दायाँ र बायाँ तर्फका उपकक्ष लवि खाली गराइनेछ। अध्यक्ष आसनको दायाँतर्फ रहेको उपकक्ष लवि लविस्थित माननीय सदस्यहरूको उपस्थिति कक्षतर्फका सम्पूर्ण ढोकाहरू तथा अध्यक्ष आसनको बायाँतर्फ रहेको अध्यक्षको निजी सचिवालय जाने लविस्थित प्रवेश ढोका लबीबाट बाहिर निस्किने दुईवटा ढोकाहरू र सभा कक्षको पश्चिमतर्फ छेकबार लगाई बन्द गरिनेछन्। उल्लेखित ढोकाहरू बन्द गरिएपछि मत सङ्कलन कार्य सम्पन्न नहुन्जेलसम्म बाहिर रहेका माननीय सदस्यहरू लगायत कसैलाई पनि सभा कक्ष एवं उल्लेखित उपकक्ष लविहरूमा प्रवेश गर्न र बाहिर जान दिइने छैन। अध्यक्ष आसनको दायाँ र बायाँतर्फ रहेका उपकक्ष लविहरूमा माननीय सदस्यहरूको वर्णानुक्रम अनुसारको नामावली राखिएका छन्। सबै कक्षबाट आदेश भएपछि प्रस्तावको पक्षमा रहनुहुने माननीय सदस्यहरू अर्थात् हुन्छ भन्ने पक्षका माननीय सदस्यहरू अध्यक्ष आसनको दायाँ तर्फ रहेको उपकक्ष लविमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुसारको आ-आफ्नो नामावलीको दस्तागत महलमा दस्तखत गर्नुपर्नेछ। प्रस्तावको विपक्षमा रहनुहुने माननीय सदस्यहरू अर्थात् हुन्न भन्ने पक्षका माननीय सदस्यहरू अध्यक्ष

आसनको बायाँतर्फ रहेको उपकक्ष लविमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रम अनुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुपर्नेछ। माननीय सदस्यहरूलाई सहजीकरणका लागि उक्त स्थानहरूमा सचिवालयका कर्मचारीहरू रहनेछन्। कुनै पनि माननीय सदस्यले आफ्नो मत सच्याउन चाहेमा मतदानको कार्य सकिएपछि माननीय सदस्यहरूलाई मत सच्याउन अवसर प्राप्त हुन्छ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने दुईवटा प्रस्तावहरूलाई दर्ताक्रम अनुसार क्रमशः निर्णय प्रक्रियामा लैजाने बेहोरा जानकारी गराउँछु। माननीय सदस्यहरू, अब म माननीय सदस्य विष्णुदेवी पुडासैनीलाई राष्ट्रिय सभाको उपाध्यक्षको पदमा निर्वाचित गरियोस् भन्ने दर्ताक्रम अनुसारको पहिलो प्रस्तावलाई निर्णयार्थ प्रक्रियामा लैजान्छु। माननीय सदस्यहरू, अब म ५ मिनेट विभाजन घण्टी बजाउन आदेश दिन्छु।

(५ मिनेटसम्म घण्टी बजेको)।

माननीय सदस्यहरू, अध्यक्षको आसनको दायाँतर्फ रहेको अगाडिको ढोका, उपकक्ष (लबी) स्थित माननीय सदस्यहरूको उपस्थिति कक्षतर्फका सम्पूर्ण ढोकाहरू तथा अध्यक्ष आसनको बायाँतर्फ रहेको अध्यक्षको निजी सचिवालय जाने लबीस्थित प्रवेश ढोका, लबीबाट बाहिर निस्कने दुईवटा ढोकाहरू र सभा कक्षको पश्चिमतर्फ छेकबार लगाई बन्द गर्न आदेश दिन्छु।

(ढोकाहरू बन्द गरिएको)।

माननीय सदस्यहरू, अब म माननीय सदस्य विष्णुदेवी पुडासैनीलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। माननीय सदस्यहरू यस प्रस्तावको पक्षमा अर्थात् हुन्छ भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरूले अध्यक्षको आसनको दायाँतर्फ रहेको उपकक्ष (लबी) मा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोला र प्रस्तावको विपक्षमा अर्थात् हुन्न भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरूले अध्यक्ष आसनको दायाँतर्फ रहेको उपकक्ष (लबी) मा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोला।

माननीय सदस्यहरू, प्रस्तावको पक्षमा अर्थात् हुन्छ भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरू अध्यक्षको आसनको दायाँतर्फ रहेको उपकक्ष (लबी) मा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोस्।

(माननीयहरू अध्यक्षको आसनको दायाँतर्फ रहेको उपकक्षमा प्रवेश गर्नुभएको)।

माननीय सदस्यहरू, प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षका पक्षमा रहनुहुने माननीय सदस्यहरू अध्यक्ष आसनको बाँया तर्फ रहेको उपकक्ष (लबी) मा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोस्।

(माननीयहरू अध्यक्षको आसनको बायाँतर्फ रहेको उपकक्षमा प्रवेश गर्नुभएको)।

माननीय सदस्यहरू, अब बन्द गरिएका सबै प्रवेशद्वारहरू खोल्न आदेश दिन्छु।

(प्रवेशद्वारहरू खोलिएको)।

माननीय सदस्यहरू, आफूले दिएको मत कसैले सच्याउन चाहनुहुन्छ भने ड्यासमा आई आफ्नो मत सच्याउन सक्नुहुनेछ। आफ्नो मत सच्याउनको लागि माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

माननीय सदस्यहरू, अब म माननीय सदस्य विष्णुदेवी पुडासैनीलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावका सम्बन्धमा भएको मत विभाजन प्रक्रियाबाट प्राप्त परिणाम घोषणा गर्दछु। माननीय सदस्यहरू यस प्रस्तावको सम्बन्धमा भएको मतदानमा उपस्थित माननीय सदस्यहरूको संख्या ५५ रहेको छ। माननीय सदस्यहरू, माननीय सदस्य विष्णु देवी पुडासैनीलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा अर्थात् “हुन्छ” भन्ने पक्षमा जम्मा १६ मत मात्र र प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा जम्मा ३९ मत प्राप्त भएको जानकारी गराउँदछु।

माननीय सदस्यहरू, माननीय सदस्यलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा १६ मत परेको र उक्त संख्या राष्ट्रिय सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमत नभएकोले माननीय सदस्य विष्णुदेवी पुडासैनीलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव अस्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म माननीय सदस्य बिमला घिमिरेलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने दर्ताक्रम अनुसारको दोस्रो प्रस्तावलाई निर्णय प्रक्रियामा लैजान्छु। निर्णय गर्दा दस्तखत सहितको मत विभाजनबाट हुने बेहोरा जानकारी गराउँदछु। माननीय सदस्यहरू, अब म पाँच मिनेट विभाजन घन्टी बजाउन आदेश दिन्छु।

(५ मिनेटसम्म घण्टी बजेको)।

माननीय सदस्यहरू, अध्यक्षको आसनको दायाँतर्फ रहेको अगाडिको उपकक्षस्थित माननीय सदस्यहरूको उपस्थिति कक्षतर्फका सम्पूर्ण ढोकाहरू तथा अध्यक्ष आसनको बायाँतर्फ रहेको अध्यक्षको निजी सचिवालय जाने लबीस्थित प्रवेश ढोका, लबीबाट बाहिर निस्कने दुईवटा ढोकाहरू र सभा कक्षको पश्चिमतर्फ छेकबार लगाई बन्द गर्न आदेश दिन्छु।

(ढोकाहरू बन्द गरिएको) ।

माननीय सदस्यहरू, अब म माननीय सदस्य बिमला घिमिरेलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। माननीय सदस्यहरू, यस प्रस्तावको पक्षमा अर्थात् हुन्छ भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरूले अध्यक्षको आसनको दायाँतर्फ रहेको उपकक्ष (लबी) मा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोला र प्रस्तावको विपक्षमा अर्थात् हुन्न भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरूले अध्यक्ष आसनको दायाँतर्फ रहेको उपकक्ष (लबी) मा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोला।

माननीय सदस्यहरू, प्रस्तावको पक्षमा अर्थात् हुन्छ भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरू अध्यक्षको आसनको दायाँतर्फ रहेको उपकक्ष (लबी) मा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोस्।

(माननीयहरू अध्यक्षको आसनको दायाँतर्फ रहेको उपकक्षमा प्रवेश गर्नुभएको)

माननीय सदस्यहरू, प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरू अध्यक्ष आसनको बाँया तर्फ रहेको उपकक्ष (लबी) मा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोस्।

(माननीयहरू अध्यक्षको आसनको बायाँतर्फ रहेको उपकक्षमा प्रवेश गर्नुभएको)

माननीय सदस्यहरू, अब बन्द गरिएका सबै प्रवेशद्वारहरू खोल्न आदेश दिन्छु।

(प्रवेशद्वारहरू खोलिएको।)

माननीय सदस्यहरू, आफूले दिएको मत कसैले सच्याउन चाहनुहुन्छ भने ड्यासमा आई आफ्नो मत सच्याउन सक्नुहुनेछ। आफ्नो मत सच्याउनको लागि माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

माननीय सदस्यहरू, अब म माननीय सदस्य बिमला घिमिरेलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावका सम्बन्धमा भएको मत प्रक्रियाबाट प्राप्त परिणाम घोषणा गर्दछु।

माननीय सदस्यहरू, यस प्रस्तावको सम्बन्धमा भएको मतदानमा उपस्थित माननीय सदस्यहरूको सङ्ख्या ५५ रहेको छ। माननीय सदस्यहरू, माननीय सदस्य बिमला घिमिरेलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा अर्थात् हुन्छ भन्ने पक्षमा जम्मा ३९ मत र प्रस्तावको विपक्षमा अर्थात हुन्न भन्ने पक्षमा पक्षमा जम्मा १६ मत परेको छ।

माननीय सदस्यहरू, माननीय सदस्य बिमला घिमिरेलाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा ३९ मत परेको र उक्त संख्या राष्ट्रिय सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमत भएकोले माननीय सदस्य बिमला घिमिरेलाई उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको उपाध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित हुनुभएकोमा नवनिर्वाचित माननीय उपाध्यक्ष बिमला घिमिरेलाई म आफ्नो व्यक्तिगत र राष्ट्रिय सभाको तर्फबाट हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

माननीय सदस्यहरू राष्ट्रिय सभाको अर्को बैठक २०८० साल चैत ३० गते शुक्रबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८० साल चैत ३० गते शुक्रबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

**स्थगितः- १४:५४ बजे।**